



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**सूचना**

गलत समाचार सम्प्रेषण अपराध हो ।
त्यसैले सूचनाको तोडमोड नगरौं ।।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग



वर्ष-१२ ।। अङ्क : ७८ ॥ २०७७ असार २९ सोमवार (13th Jul. 2020, Monday) **Pratidin** National Daily मूल्य-रु.३/-


# झापामा बाढीको वितण्डा, दुई सयबढी परिवार प्रभावित

***झापा (प्रस) ।*** निरन्तर वर्षाका कारण आएको बाढीले झापामा निकै क्षति पुऱ्याएको छ। बाढीका कारण दुई सयभन्दा बढी परिवार प्रभावित भएका छन् ।प्रभावितमध्ये केही विस्थापित भएका छन् भने धेरै डुबानमा परेका छन् । कनकाई नदीको भंगालो पस्दा शिवगञ्ज बजार डुवानमा परेको छ ।जनताको तटबन्धले निर्माण गरेको बाँध बगाएपछि बाढी शिवसताक्षी नगरपालिका ६ को शिवगञ्ज बजारमा पसेको हो । जसबाट १५ परिवार प्रभावित भएका छन् । प्रभावित हुनेमा सूर्य राजवंशी , रमेश राजवंशी, बुधकरण राजवंशीलगायत रहेको शिवसताक्षी नगरपालिका ६ का वडा अध्यक्ष मनोज खुलाल कार्कीले बताए । कनकाईको बाढीले करिव ५० मिटर बाँध भत्काएको कार्कीले जानकारी दिए। प्रभावित परिवारहरु कोही छिमेकी , कोही आफन्त र कोही इलाका प्रकरी कार्यालयमा आश्रय लिएका छन् । बाढीले शिवसताक्षी वडा नं ६ सँगै १ पनि प्रभावित भएको नेपाल रेडक्रस सोसाइटी झापा शाखाका मन्त्री चन्द्र चुडालले बताए। त्यस्तै कनकाई नदीमा आएको बाढीले गौरीगञ्ज गाउँपालिका १ होकलबारीका ६२ परिवार प्रभावित बनेका छन् । गौरीगञ्ज १ का होकलबारीका ११ परिवार विस्थापित र ३१ परिवार डुबानमा परेको वडाध्यक्ष कार्तिकलाल राजवंशीले बताए । त्यस्तै कमलबनियानी नदीमा आएको बाढीले बालुबारीका २० परिवार डुबानमा परेको उनले बताए । इलाका प्रहरी कार्यालय झिलझिले, प्रहरी चौकी कुन्जीबारी र १ नं प्रदेश विपद् व्यवस्थापन गुल्म चन्द्रगढीबाट गएको टोलीले उनीहरुलाई उद्धार गरेको थियो । उनीहरुलाई उद्धार गरी स्थानीय इन्द्रेणी प्राविमा ल्याएर राखिएको गौरीगञ्ज १ का वडा सदस्य राजभक्त सुनुवारले बताए। उनले बाढीपीडितहरुलाई सामान्य राहत वितरण गरिएको जानकारी दिए। कनकाईको बाढीले शनिबार तीन परिवार विस्थापित बनेका थिए । लगातारको वर्षाका कारण पानीको सतह बढ्दै गएपछि सिंगो टोल नै विस्थापित बनेको वडा सदस्य सुनुवारले बताएका छन् ।

त्यस्तै लगातारको वर्षाका कारण आएको बाढीले मेचीनगर नगरपालिका वडा नं ७ का ९ घर विस्थापित भएका छन् । पालिया खोला बगरमा रहेको सिद्धार्थ टोलका ९ घर डुबानमा परेपछि थप जोखिम हुन नदिन त्यस परिवारका ४२ जनालाई सुरक्षित स्थानमा ल्याएर राखिएको हो । मेचीनग। नगरपालिका र इलाका प्रहरी कार्यालय काँकरभिट्टाको सहयोगमा उनीहरुलाई प्यारीभिट्टा बसपार्क भवनमा राखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । त्यस्तै झापा गाउँपालिकाका १०७ परिवार , कचनकवल गाउँपालिकाका ५० परिवार तथा भद्रपुर नगरपालिका ८ र ३ का २८ परिवार प्रभावित बनेको जिल्ला रेडक्रसले जनाएको छ । झापामा खोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ भने अर्का बेपत्ता भएका छन् । झापा गाउँपालिका ५ स्थित बिरीङ खोलाले बगाउँदा शनिबार स्थानीय ३५ वर्षिय राजेश गणेशको मृत्यु भएको हो । दिउँसो २.३० बजेतिर मलामी जाँदा पौडी खेल्ने क्रममा उनलाई बाढीले बगाएर बेपत्ता बनाएको थियो । इलाका प्रहरी कार्यालय कुमरखोद र प्रहरी चौकी शरणामतीबाट प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले खोजतलास गर्दा गाउँलेको सहयोगमा साँझपख उनको लाश फेला पारिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रहेका प्रहरी नायव उपरीक्षक राकेश थापाले जनाएका छन् ।त्यस्तै मेची नदीले बगाउँदा भद्रपुर नगरपालिका ३ बस्ने ३३ वर्षिय हिरण राई बेपत्ता भएका छन् । भद्रपुर ३ नाउँघाटस्थित मेची खोलामा पौडी खेल्ने क्रममा उनी बेपत्ता भएका हुन् । अपरान्ह ४.३० बजे बेपत्ता भएका राईलाई अझै नभेटिएको प्रहरी चौकी महेशपुरले जनाएको छ । निरन्तरको भारी वर्षाका कारण विभिन्न खोलामा आएको बाढीले जिल्लामा जनधनको क्षति पुर्याएको छ । यसैबीच जिल्ला बिपद ब्यबस्थापन समितिको आइतबार आकस्मिक बैठक बस्यो । कन्काइ नगरपालिकास्थित समर्पण भवनमा बसेको बैठकमा झापा गाउँपालिका ,शिवसताक्षी नगरपालिका र कन्काइ नगरपालिकाका प्रमुखहरुले आफ्नो पालिकाको बस्तुस्थितिबारे जानकारी दिएका थिए । सुरक्षा निकायका प्रमुख र रेडक्रस सभापतिले आफ्नो तयारी र भएगरेका कामको जानकारी दिएका थिए ।



# डेढ लाख नक्कली भारु बरामद , गिरोह पक्राउ



***झापा (प्रस) ।*** झापामा नक्कली भारतीय रुपैयाँको कारोबार गर्ने एउटा गिरोह पक्राउ परेको छ ।पक्राउ पर्नेमा कनकाई नगरपालिका-३, सुरुङ्गाका सुन व्यवसायी ४३ वर्षिय मौसम श्रेष्ठ, कनकाई ४ बस्ने २९ वर्षिय खुर्सैद आलम र झापा गाउँपालिका ५ बस्ने २४ वर्षिय एराजुल हक रहेका छन् । उनीहरुबाट १ लाख ४४ हजारको नक्कली भारतीय रुपैयाँ बरामद भएको छ । बरामद नोटहरु पाँच सय भारुका रहेका छन् । गत बुधबार दिउँसो २ बजे खुर्सैद आलमले पाँच सयका भारतीय नोटहरुको कारोबार गरेपछि ती नोट कहाँबाट ल्याएको हो भनी खोजी गर्दा मौसम श्रेष्ठसँग लेनदेन गरेको र श्रेष्ठकै घरमा लुकाइ राखेको गोप्य सूचनाका आधारमा प्रहरीले हिजो छापा मारेको थियो । त्यसक्रममा श्रेष्ठलाई घरमै फेला पारी उनको घरबाट पाँच सयका २८८ थान नक्कली भारतीय रुपैयाँ बरामद भएको थियो । घरको पहिलो तलामा श्रेष्ठ सुत्ने कोठामा टिनको दराजभित्र रबरले बाँधेको र नबाँधेको अबस्थामा ती नोट बरामद भएको हो । त्यसपछि खर्सैद आलमलाई खोजतलास गर्नेक्रममा आलम र एराजुल हकलाई सुरुङ्गा बजारमा फेला पारिएको थियो । उनीहरुको साथबाट नेपाली नोट एक हजारका ४ र पाँच सयका ३३ थान गरी २० हजार ५ सय रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेका तीनैजनालाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । झापाका प्रहरी प्रमुख एसपी कृष्णप्रसाद कोइरालाका अनुसार पक्राउ परेका तीनै जनालाई खोटाचलनसम्बन्धी कसूरमा म्याद थप गरेर विस्तृत अनुसन्धान गर्ने तयारी भइरहेको छ । उनले भने, 'म्याद थप गर्न लगेका छौं, त्यसपछि विस्तृतमा अनुसन्धान सुरु हुन्छ ।' बरामद नोटमध्ये तीनवटा नोटसम्ममा एउटै नम्बर भेटिएको छ । पक्राउ परेका व्यक्तिले बयानमा डेढ लाख नक्कली नोट रहेको खुलाएका छन् । बरामद भए बाहेकको रकम खर्च भइसकेको हुनसक्ने एक अनुसन्धान अधिकृतले बताए ।उनीहरुले ल्याएको नोट कहाँबाट आएको भन्ने खुलिसकेको छैन ।

# जन्मदिनको खर्च असहाय बृद्धबृद्धालाई



***झापा (प्रस) ।*** भोजभतेरमा गरिने फजुल खर्च कटौती गरेर सामाजिक काममा लगाउनेको सँख्या बढ्दै गएको छ । खासगरी लकडाउनका बेला ठूलो जमघट नगर्नु उचित ठानेर भोजभतेर नगरी त्यसको खर्च सामाजिक कार्यमा लगाउनेको सँख्या बढेको हो । यसक्रममा बिर्तामोड नगरपालिका ३ निवासी रोसिका ढकालले आफ्नो जन्मदिनमा बृद्धाश्रमका बृद्धबृद्धाहरुलाई एकछाकको खाना खुवाइन् । २३ औं जन्मदिनको अवसरमा रोट्र्याक क्लब अफ बिर्तामोडकी सदस्य रहेकी रोसिकाले बिर्तामोड ४ मा रहेको बृद्धाश्रमका ३५ जना असहाय बृद्धबृद्धाहरुलाई आइतबार बिहानको खाना खुवाएकी हुन् । जन्मदिनमा तामझाम गरेर फजुल खर्च गर्नुभन्दा त्यो रकम परोपकारमा लगाउन पाउँदा आफूलाई सन्तुष्टि मिलेको उनले बताईन् । जन्मदिनमा गरिने खर्चलाई सामाजिक काममा लगाउने अभियान थालनी गरिएपनि त्यसले निरन्तरता पाउन नसकेको रोट्र्याक क्लब अफ बिर्तामोडका सदस्य बसन्त ढकालले बताए । खासगरी तडकभडकमा लाग्ने युवा वर्गले त्यस किसिमको सामाजिक एवं परोपकारी कार्यमा संलग्नता देखाउनु पर्नेमा उनले जोड दिए । त्यस अवसरमा रोट्र्याक क्लब अफ बिर्तामोडका २०२१-२२ का अध्यक्ष प्रभास थापामगरसहितका सदस्यहरुको उपस्थिति रहेको थियो ।

# बिर्तामोड नगरपालिकाको पाँचौं नगरसभा सम्पन्न



***बिर्तामोड (प्रस) ।*** बिर्तामोड नगरपालिकाको पाँचौं नगरसभा सम्पन्न भएको छ ।

असार १० गते सुरु भएको पाँचौं नगरसभाले प्रस्तावित १ अरब १५ करोड ४ लाख ८८ हजार आयब्यय हुने गरीको बजेट पारित गरेको छ । जसअन्तरगत ३९ करोड ८१ लाख ८६ हजार र पूँजीगत खर्च ५८ करोड २३ लाख २ हजार र सामाजिक सुरक्षावापत १७ करोडको खर्च हुने छ ।

नगर प्रमुख ध्रुबकुमार शिबाकोटीको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख पबित्रा महतारा प्रसाईले सो बराबरको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन् ।

असार २८ गते सम्पन्न भएको नगरसभामा प्रस्तावित बजेट, नीति, कार्यक्रममाथि १० वटै वडाका अध्यक्षहरुले आ-आफ्नो वडाको बजेट सिलिंग प्रस्तुत गर्दै आफ्नो वडाको विकासका योजना पेस गरेका थिए । यसैगरी नगरसभामा बिभिन्न समितिका संयोजकहरुले समितिका तर्फबाट सुझाब पेस गरेका थिए ।

बिर्तामोड नगरपालिकाले प्रत्येक वडालाई १ करोडको सिलिंग दिएको थियो । सो सिलिंगअन्तरगत रहेर वडाले बजेट पेस गरेको नगरपालिकाका प्रेस संयोजक तीर्थ सिग्देलले जानकारी दिएका छन् ।

# ल्याबका लागि ६ लाखबढी सहयोग

दमक, असार २८ । नागरिकस्तरबाट कोरोना परीक्षणका लागि झापामा ल्याब स्थापना गर्न एकका लागि एक अभियानलाई झापाको दमकबाट आज एकैदिन ६ लाख बढी रकम सहयोग जुटेको छ ।

आज दमकमा रहेका सहकारी संस्थाहरुले एक कार्यक्रमको आयोजना गरि अभियानका लागि एकमुष्ठ ६ लाख ५० हजार ६ सय ४४ रुपैयाँ उपलब्ध गराएका हुन् ।

अभियानका लागि नवोदय सहकारी संस्थाले १ लाख ११ हजार १ सय ११ , मेची सहकारी संस्थाले १ लाख २ हजार २ सय ११ , पूर्व नेपाल सहकारीले १ लाख २ हजार , सुर्यदर्शन सहकारीले १ लाख १ हजार, दर्पण सहकारीले ५१ हजार ५ सय , डाँफे सहकारीले ५१ हजार , नवदुर्गा, हिमाञ्चल, सुर्यमुखी र दमक बुहुमुखी सहकारीले २५-२५ हजार रुपैयाँ सहयोग उपलव्ध गराएका थिए ।

त्यस्तै दमकमा सामाजिक अगुवा नन्दिकेशर अधिकारीले व्यक्तिगत रुपमा २१ हजार १ सय र सन्तोष श्रेष्ठले ११ हजार १ सय ११ रुपैयाँ गरी कुल ६ लाख ५० हजार ६ सय ४४ रुपैयाँ अभियानलाई प्रदान गरेका छन् ।




**कर्मचारी आवश्यकता**

- एकाउन्टेन्ट : १ जना
  योग्यता : एक वर्ष अनुभव भएको
- सेल्समेन : ३ जना (२ पुरुष, १ महिला)
  एक वर्ष अनुभव भएको
  योग्यता : SEE/SLC पास भएको
- काउन्सिलर : १ जना
  योग्यता : एक वर्ष अनुभव भएको
- कार्यालय सहयोगी : १ जना,
  योग्यता: SEE/SLC पास
- सहकारीको लागि बजार प्रतिनिधि:
  ३ जना एसएलसी पास
- माछा पोखरीको हेरचाह गर्ने : १ जना
  (swimming गर्न जान्ने)
- CCTV सेक्युरिटी अपरेटर: १ जना
  योग्यता : कम्प्युटर सम्बन्धी दक्ष अनुभवी
- घरायसी काम (Housekeeping) : २ जना
  (महिला) (खान, बस्नसहित)
- होटेल मेनेजर (maneger):- १ जना
- क्लिनर (Cleaner) :- १ जना
- वेटर (waiter):- ५ जना (३ महिला, २ पुरुष)
- सेफ (Cookman) : १ जना

तलब: कम्पनी नियमानुसार

नोट: असार मसान्तभरिमा फारम भरिसक्नुपर्नेछ ।

बिराट गोरखा सेक्युरिटी एण्ड सप्लायर्स प्रा.लि.
बिर्तामोड-५, कृषिचोक रोड
सम्पर्क नं. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४




**HD**
**HAIR & DERMA CARE PVT. LTD.**

Our Services

- डर्माटोलोजिष्ट तथा कस्मेटोलोजिस्टहरुको विशेषज्ञ सेवा
- अत्याधुनिक मेसिनहरुद्वारा छालाको जाँच
- उच्च स्तरिय प्रविधियुक्त कस्मेटिक ल्याव
- कोठी, तिलकोठी, मुसा, काटेको, पोलेको घाउका दागहरु हटाइने
- चाया, पोतो, डण्डीफोरको सफल उपचार
- दाद सोराइसिस, एक्जिमा को उपचार
- ट्याटु तथा जन्मदाग हटाइने
- ओठ, आँखा, चिउडो, नाकको आकार लाइ मिलाइने
- ब्रेष्ट, हिपको साईज घटाउन बढाउन सकिने
- पेट तथा शरिरको बोसो घटाउन मिल्ने
- कपालको प्रत्यारोपण गरिने
- फेसियल, मेनिकेयर, पेडिकेयर, व्हाइट कम्प्लेक्सन, बडि स्पा
- Hymenoplasty ( पुनःभर्जिनिटी)

023-542804
Birtamode-1,Jhapa
9815943554
9862679549





# पहिलो महिला प्रमुख प्रशासकीय अधिकृत


***शिवसताक्षी (प्रस) ।*** झापाको स्थानीय तहमा पहिलोपल्ट महिला प्रमुख प्रशासकीय अधिकृतको रुपमा गीताकुमारी राईले जिम्मेवारी सम्हालेको तीन महिना पूरा भयो । उनले गत चैत २६ गतेदेखि शिवसताक्षी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेकी हुन् । २०४४ सालमा निजामती सेवामा प्रवेश गरेकी राईको स्थानीय तहमा यो पहिलो अनुभव हो । तर,गृह प्रशासनमा भने कुशल कार्यसम्पादन गरेको लामो अनुभव छ उनीसँग । वि.सं. २०२२ सालमा भोजपुरको दलगाउँमा पिता रणबहादुर राई र माता रामकुमारी राईको चार छोराछोरीमध्ये कान्छी छोरीको रुपमा जन्मिएकी उनले २०४४ सालमा निजामति सेवामा प्रवेश गरेकी थिईन् । शिक्षामा बीए र एलएलबी अध्ययन सकेर मुखिया सरहको राजपत्रांकित तृतीय श्रेणीबाट जागिर शुरु गर्ने उनी केही महिनाअघि उपसचिवमा बढुवा भएकी हुन् । 'मैले सानो पदबाट जागिर शुरु गरेको थिएँ' विगत संझदै उनी भन्छिन्,'कुनै पनि काम सानो हुँदैन, लगन र इमान्दारिता भयो भने एकदिन अबश्य कदर हुन्छ । 'निजामति सेवामा प्रवेश गरी पहिलोपटक उनले कोष तथा लेखा नियन्त्रण कार्यालय इलाममा जागिर खाईन् ।योग्यता, क्षमता र अनुभवका कारण उनलाई ०६२ सालमा गृह प्रशासनमा उक्लिने अवसर मिल्यो । २०६२ असारदेखि २०७६ चैतसम्म उनले त्यही क्षेत्रमै बिताईन् । त्यस अवधिमा जिल्ला प्रशासन कार्यालय झापा र इलाका प्रशासन कार्यालय उर्लाबारीमा बढी समय जनताको सेवामा बिताएकी उनले त्यसबीचमा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङको सहायक प्रमुख जिल्ला अधिकारी भएर काम गर्ने अवसर पनि प्राप्त गरिन् । १४ वर्षसम्म गृह प्रशासन चलाएको उनीसँग अनुभव छ । खासगरी नागरिकता र राहदानी फाँटमा बसेर खटिँदा प्रत्यक्षरुपमा जनसेवा गर्ने मौका मिलेको अधिकृत राई बताउँछिन् । ' मैले १४ वर्ष जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने अवसर पाएँ त्यो मेरो सौभाग्य हो 'उनी भन्छिन्,' स्थानीय तहमा आएर जनताको अझ नजिक भएकी छु ।' काम गर्ने क्रममा गृह र स्थानीय तहमा खासै फरक नभएको उनको बुझाइ छ । प्रशासन कार्यालयमा धेरै भीडभाडमा काम गर्नुपर्दा केही अप्ठ्यारो भएपनि त्यसलाई सहज रुपमा लिएर राष्ट्रसेवक कर्मचारीको भूमिका निर्वाह गरेको उनको भोगाइ छ । 'नागरिकता र राहदानी बनाइदिने सवालमा कहिलेकाही अप्ठ्यारो पर्ने गर्थ्यो ' उनी भन्छिन्,' नियत नराखी काम गर्दा म कहिल्यै विवादमा परिनँ । ' राजनीतिक विचार , ब्यक्तिगत स्वार्थ, जातिपाति र नातागोताभन्दा माथि उठ्न सक्दा ब्यूरोक्रेसी कहिल्यै विवादमा नपर्ने उनको ठम्याइ छ ।


लामो अनुभवसहित स्थानीय तहमा काम गर्ने इच्छा लिएर झापा अर्जुनधारा निवासी राई शिवसताक्षी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्न आइपुगेकी हुन् ।इलाका प्रशासन कार्यालयमा शाखा अधिकृतको रुपमा रहेकी राई बढुवा भई स्थानीय तहकै पहिलो महिला प्रमुख प्रशासकीय अधिकृत बन्न सफल भइन् । शिवसताक्षी नगरपालिकाबाट विष्णुबहादुर अधिकारीले विदा लिएको चार महिनापछि नगरपालिकाले राईलाई प्रमुख प्रशासकीय अधिकृत पाएको हो । त्यसबीचमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी उपसचिव शिक्षा शाखा प्रमुख सुरेन्द्र दाहालले निमित्त भई सम्हालेका थिए । स्थानीय तहको अनुभव नभएपनि ऐन कानुनको परिधिभित्र रहेर नगरमा सुशासन कायम गर्दै विकास निर्माणका कामलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने अधिकृत राई बताउँछिन् । जिल्लाका अन्य नगरपालिकाको तुलनामा शिवसताक्षी विकासका दृष्टिकोणले पछि परेको विकट नगरपालिका हो । त्यहाँ धरै विकास निर्माणका कामहरु गर्नुपर्ने आबश्यकता छ । शिवसताक्षी नगरपालिका भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ३६ मिनेट ५५ सेकेण्ड उत्तरी अक्षांश र ८७ डिग्री ५० मिनेट ०७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस नगरपालिकाको पूर्वमा कन्काई नगरपालिका, पश्चिममा कमल गाउँपालिका, दक्षिणमा गौरीगन्ज गाउँपालिका र उत्तरमा इलामको माई नगरपालिकासँग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफल १६१९.९२ वर्ग किमीमध्ये ८.९८ प्रतिशत भूभाग यसले ओगटेको छ । उपलब्ध स्रोतसाधनको समुचित सदुपयोग गरी विकास निर्माणका योजनाहरुलाई अगाडि सार्दै समृद्ध नगर बनाउने अभियानमा आफ्नो सहभागिता रहने उनको भनाइ छ । 'यस नगरभित्र समस्या छ त्योसँगै प्रचुर संभावना पनि छ' अधिकृत राई भन्छिन्,' नगरले त्यसको पहिचान गर्न सक्नु पर्छ ।' पर्यटकीय गन्तब्यले भरिएको यस नगरपालिकामा पर्यटन व्यवसायको राम्रो संभावना रहेको बताउँदै उनले यसबाट नगरवासीको जीवनस्तर उकास्नुका साथै समृद्ध नगर बनाउन टेवा पुग्ने विश्वास ब्यक्त गरिन् । शिवसताक्षी नगरपालिका धार्मिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । यहाँ धार्मिक तथा साँस्कृतिक रुपमा प्रख्यात सताक्षीधाम, चिल्लागढ तथा सीताधारा रहेका छन् । साविक शिवगन्ज, सतासीधाम, पाँचगाछी र धरमपुर गाविस मिलाएर वि.सं.२०७३ मा शिवसताक्षी नगरपालिकाको गठन गरिएको हो । साविक शिवगन्ज गाविस र प्रसिद्ध धार्मिकस्थल सताक्षीधामको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो । त्योसँगै अधिकांश बासिन्दा निर्भर रहेको कृषि क्षेत्रको व्यावसायिकरणमा जोड दिनुपर्ने उनको धारणा छ । शिवसताक्षी नगरपालिकाको कुल क्षेत्रफलको करिब ७८ प्रतिशत खेतीयोग्य जमिनले ओगटेको छ भने करिब १७ प्रतिशत जमिन वन जंगलले ढाकेको छ ।नगरपालिकाले अगाडि सारेको नगर गौरवका आयोजना सम्पन्न गर्नसके त्यसबाट नगरको मुहार परिवर्तन गर्न सकिने उनी बताउँछिन् । जनताबाट निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय तह संचालन गर्ने हुन् । जनप्रतिनिधिहरुलाई साथ र सहयोग गर्ने दायित्व कर्मचारीहरुको भएकाले त्यसप्रति सजग भएर कार्य सम्पादन गर्दै आएको उनको भनाइ छ । शिवसताक्षी नगरपालिकामा पहिलोपटक आएका बखत स्वागत गर्दै मेयर चन्द्र शेर्माले स्थानीय तहमा पहिलोपल्ट महिला प्रमुख प्रशासकीय अधिकृत भएर आएकोमा राईलाई बधाइ तथा सफल कार्यकालको शुभकामना दिएका थिए । उनलाई हाल विश्वव्यापी महामारीमा रुपमा फैलिएको कारोना भाइरस रोकथामका बारेमा नगरले गरेको गतिविधिहरुको बारेमा नगर प्रमुख शेर्माले जानकारी गराएका थिए । नेपालको संविधानद्वारा व्यवस्थित नेपाल राज्यको पुनरसंरचनाअनुसार सम्पूर्ण नेपाल सात प्रदेश र ७५३ स्थानीय तहका सरकार संविधानप्रदत्त अधिकारसहित क्रियाशील छन् । नेपालको इतिहासमा पहिलोपल्ट स्थानीय सरकार वास्तवमै अधिकारसम्पन्न सरकारका रुपमा रहेको छ । यो अधिकारसँगै नतिजामूलक कार्यसम्पादन गर्नुपर्ने दायित्व पनि जोडिएको छ । यो दायित्व पूरा गर्न स्थानीय सरकारलाई आआफ्ना पालिकामा सञ्चालन गर्ने उपयुक्त र प्रभावकारी विकास योजना तर्जुमा गर्नु अपरिहार्य हुन आउँछ । स्थानीय तहमा जनअपेक्षित सेवा, सहकार्य र सहयोग गर्नेगरी आएको बताउने राईले भनिन्,' शिवसताक्षी नगरपालिकामा रहुन्जेल जनतालाई अधिकतम् सन्तुष्टि दिने प्रयास गर्नेछु, यसका लागि मलाई सबैको सहयोग मिल्ने कुरामा बिश्वस्त छु ।'





**गीताकुमारी राई**
**प्रमुख प्रशासकीय अधिकृत**
शिवसताक्षी नगरपालिका


> ”
> नगरपालिकाले अगाडि सारेको नगर गौरवका आयोजना सम्पन्न गर्नसके त्यसबाट नगरको मुहार परिवर्तन गर्न सकिन्छ । शिवसताक्षी नगरपालिकामा रहुन्जेल जनतालाई अधिकतम् सन्तुष्टि दिने प्रयास गर्नेछु, यसका लागि मलाई सबैको सहयोग मिल्ने कुरामा बिश्वस्त छु




**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

**पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा**
**शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु**
औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।



सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।
पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

Our Services
स्वास्थ्य बिमा सेवा पनि उपलब्ध छ ।
DRISHTI Eye Care System
www.drishtieye.org
• Topical phaco Surgery for Cataracts
• Corneal Disease Management & Corneal Transplant
• Management of Diabetic Retinopathy and Hypertensive Retinopathy
• Retinal Disease Management , Retinal Laser & Surgery
• Glaucoma Management & Surgery
• Uveitis Management
• All Tupes of Contact Lens Services including Rose K for Keratoconus.
• Fully Customized Ocular Prosthesis
• Amblyopia Management with VTS system and management of Binocular vision anomalies
• Pediatric Clinic
Our Hospital Network Arround Nepal
Power House Chowk, Birgunj
Syuchatar Chowk, Kalanki
Chabahil Chowk, Kathmandu
Naya Baneswar, Kathmandu
Biswajyoti Mall, Jamal, Kathmandu
Birtamode, Jhapa
Bhadrapur, Jhapa
DRISHTI BIRTAMODE: SAINIKMODE,JHAPA,NEPAL +977-023-545703 I 545704 drishti.mechi@gmail.com

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# कदापि नगरौँ विपद्मा राजनीति

नेपालको मौसम विभागले पूर्वानुमान गर्‍यो अविरल वर्षापछि भीषण बाढी आउँछ भनेर । तर, पनि हामीले न सतर्कता अपनायौं न पूर्व तयारी नै । आखिर बिध्वंसकारी बाढी पहिरो आएरै छाड्यो र धेरै जनाको ज्यान लिएरै छाड्यो । अकालमै कतिपयले ज्यान गुमाउनु पर्‍यो । नेपालमा बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी, शीतलहर आदि प्राकृतिक प्रकोपहरु प्रत्येक वर्ष आउँछन् र ठूलो परिमाणमा मानवीय एवं भौतिक क्षति पुर्‍याएर जान्छ । यस्ता प्रकोपबाट वर्षेनी हजारौंलाई प्रभावित बनाउँदै आएको छ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्वतयारी नगर्नु, विपद् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नबस्नु जिम्मेवार निकायहरुको गैरजिम्मेवारीपना नै भन्नु पर्छ ।

यस्ता प्राकृतिक विपत्ति आकस्मिक भएपनि दीर्घकालीन रूपमा समस्याको समाधान नखोजिँदा वर्षैपिच्छे एउटै समस्याबाट जनता प्रभावित भइरहेका छन् । वर्षयामसँगै हिमाली र पहाडी क्षेत्रमा सुरू हुने पहिरो र तराई/मधेशमा हुने बाढीको समस्या आजको मात्र होइन । प्राकृतिक प्रकोप पूर्वसूचना दिएर आउँदैन तर यसबाट हुने अनपेक्षित परिणाम आउनु नै संकट हो । नेपाल भूकम्पको जोखिममा छ भन्ने कुरा विदितै छ । तराईमा प्रत्येक वर्ष बाढी र आगजनीले मानवीय तथा भौतिक क्षति गर्छ भन्ने थाहा भएकै कुरा हो ।

नेपालमा ठूलठूला जोखिम, विपद् र संकटमा सूचना प्रविधिको पर्याप्त प्रयोग देखिँदैन । अहिले नेपालमा बाढीको जोखिमबारे पूर्वसूचना बेलैमा पर्याप्त प्रवाह नभएकाले र सजगता नअपनाइएकाले धेरैको ज्यान गएको छ । कैयौं पीडित हुन पुगेका छन् । बाढी–पहिरोको पूर्व सूचनाले सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सक्छ । हामीले जतिसक्दो चाँडो सुधार गरेर प्रविधिलाई सार्वजनिक सेवाप्रवाहमा अधिकतम् उपयोग गर्दै जनताको दैनिक जीवन सहज बनाउन अति जरुरी छ ।

यस्ता प्राकृतिक प्रकोपहरु वर्षैपिच्छे आउने गर्छन् । यो विषयमा सरकारले हेक्का नराख्नु, पूर्वतयारी नगर्नु , संकटपछिको विपद्लाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू–भाग भएको तराईमा केही दिनको वर्षाले नै डुबान र कटानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो ।

विपद्बाट लाभ लिने उद्देश्यबाट कुनै राजनीति हुनुहुँदैन । सबै वर्ग, समुदाय एकजुट भएर विपद्को सामना गर्नुपर्छ । आफ्नो क्षमता, ज्ञान, अनुकूलताअनुरुप आ–आफ्नो ठाउँबाट विपद् व्यवस्थापनमा जुट्नुपर्छ । सरकार र अन्य राजनीतिक दलको आलोचना गर्नुभन्दा आफ्नो ठाउँबाट सकेको सहयोग गर्नु नै अहिलेको आवश्यकता हो ।

# सामाजिक सुरक्षामा जाने उत्तम समय

❖पदमराज अवस्थी

> "आज हाम्रो श्रमबजारको समस्या छताछुल्ल भएको छ र प्रकोपको पहिलो तारोमा आर्थिक रूपले विपन्न ग्रामीण जनता र दोस्रो निशानामा स्वरोजगारमा आबद्ध बजार केन्द्रित श्रमिकहरू परेका छन । किनभने उनीहरू जीवनयापनका लागि प्रकृति अर्थात् खेतीपातीमा र दैनिक ज्यालामा निर्भर छन् ।"

कोरोनाका कारण हजारौँ श्रमिक बाटोमा अलपत्र परिरहँदा मजदुरको नाममा राजनीतिक बाली उठाउनेहरू सिंहदरबार र हेटौंडामा चयनको दिनचर्या बिताइरहेको भन्दै मजदुर शिराका राजनीतिकर्मीहरूको शून्य भूमिकाको आलोचना चौतर्फी भइरहेको छ । काम गर्न नसक्ने अवस्थामा भएका उपभोक्ता अर्थात् जनताको क्रयशक्तिलाई निरन्तर क्रियाशील गराउन सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनमा ल्याइन्छ । बच्चाले काम गर्न सक्दैन, तर उसलाई पनि खाना चाहिन्छ भनेर बालभत्ता, उमेर ढल्केपछि हातपाउ चल्दैनन् भनेर वरिष्ठ नागरिक भत्ता, सुत्केरी भएको बेला काम गर्न कठिन भएकाले सुत्केरी भत्ता, काम गर्ने तीव्र इच्छा भएर पनि बेरोजगार भएकालाई बेरोजगार भत्ता, सामाजिक उत्पीडनमा परेका अल्पसंख्यकका लागि संरक्षण भत्तालगायतको व्यवस्था गरेर सरकारले नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको हुन्छ ।

बचतलगायतका वित्तीय आधार कम तर परिवारमा आश्रित सदस्यहरूको संख्या बढी हुने भएकाले विपद्का बेलामा विश्वव्यापी रूपमा श्रमिकहरू नै मर्कामा पर्ने हुन् । श्रमिकहरूमा पनि औपचारिक क्षेत्रमा काम गर्ने भन्दा पनि अनौपचारिक क्षेत्रमा काम गर्ने र स्वावलम्बनमा लागेकाहरू बढी समस्यामा जाने गरेका छन् । कति श्रमिक कहाँ-कहाँ काम गरिरहेका छन् भन्ने तथ्यांक सरकारसँग नहुँदा सरकारले ल्याएको तहगत राहत प्याकेजसमेत प्रभावकारी हुन सकेको छैन । यस्तै दुःखपीडाका बेलामा चाहिन्छ भनेर लामो समयको प्रयासपछि नेपालमा पनि सामाजिक सुरक्षा योजना कार्यान्वयनमा आएको छ । सामाजिक ऐक्यबद्धताको सिद्धान्तअनुसार बढी आम्दानी भएकाले सामाजिक सुरक्षा कोषमा बढी योगदान गर्ने र सो रकमको पुलिङबाट जोखिममा परेका निम्न आय समूहका सदस्यको आर्थिक कल्याण गर्नुपर्ने भएकाले सामाजिक सुरक्षा कार्यक्रम सबैभन्दा पहिले औपचारिक क्षेत्रबाट सुरु गर्ने गरिन्छ ।

तर, नेपालमा औपचारिक क्षेत्रले सुरुमा तत्परता देखाएन । यसको पछाडिका कारणहरूमा सामाजिक सुरक्षा योजनाका स्किमहरू सुरुवाती चरणमा आकर्षक हुन नसक्नु, रोजगारदाता र श्रमिकको स्वार्थबीच द्वन्द्व देखा पर्नु र कतिपय व्यक्तिलाई संगठनमा नेतृत्व सम्हाल्ने इच्छा हुनु आदि हुन् । यद्यपि कोरोना कहरका बीच सरकारले सामाजिक सुरक्षा कोषमा आबद्ध सदस्यहरूको चैत महिनाको योगदानस्वरूप १८ करोडजति अनुदान दिने निर्णय गरेको छ । यो निर्णय भएपछि लकडाउनकै अवधिमा ४ हजार श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन् । सरकारले देखाएको सो तदारुकताबाट हौसिएर अन्य धेरै रोजगारदाता आबद्ध हुन कोषसँग कुरा गरिरहेको कोषका कार्यकारी निर्देशक कपिल ज्ञवाली बताउँछन् । उनी भन्छन्, 'बिमा कम्पनीहरूले महामारीले निम्त्याउने क्षतिको क्षतिपूर्ति दिन सक्दैनन् । तर, सामाजिक सुरक्षा कार्यक्रम राज्यको दायित्वभित्र पर्छ । असीमित दायित्व सिर्जना भएछ भने पनि राज्यले बहन गर्ने क्षमता राख्छ । त्यसैले पनि युद्ध र आर्थिक मन्दीले धेरै देशमा सामाजिक सुरक्षा कार्यक्रमको औचित्य पुष्टि गरेको इतिहासले देखाउछ ।'

लकडाउनको सुरक्षित अवतरण पछि सामाजिक सुरक्षा कार्यक्रम प्रवर्द्धन गर्ने उर्वर समय हो, किनभने नेपालभित्र मात्र होइन, देशबाहिर काम गर्ने नेपाली श्रमिकसमेत मर्कामा परेका छन् । सम्बन्धित राष्ट्रका सरकारले आफ्ना नागरिक फिर्ता लैजान पटक-पटक ताकेता गर्दै आएका छन् । यसले श्रमिकको अनिश्चित भविष्य उजागर गर्छ । तसर्थ भविष्य कष्टकर नहोस् भनेर श्रमिकले आय आम्दानी भएका बेला योगदान गर्नुपर्छ भनेर चेतना बिजारोपण गर्ने यो उत्तम समय हो । यस्तो महामारीमा कतिपय संस्था बन्द हुन सक्ने भए पनि श्रमिकले सामाजिक सुरक्षा कोषमा गरेको योगदान सुरक्षित रूपमा श्रमिककै नाममा रहिरहन्छ । रोजगारी परिवर्तन गरी साविकभन्दा अन्यत्र ठाउँमा काम गरेमा पनि पहिले योगदान गरिरहेकै खातामा योगदान रकम थप्दै जान सकिन्छ र रोजगारीको सिलसिलामा देश परिवर्तन भएमा एक देशमा काम गर्दा योगदान गरेको खातामा नै क्रेडिट ट्रान्सफरको माध्यमबाट अर्को देशबाट समेत योगदान रकम थप्दै जान सकिन्छ भनेर सरकारले अहिले पनि बुझाउन सकेन भने सामाजिक सुरक्षा कार्यक्रमका लागि महाभूल सावित हुनेछ ।

निजी क्षेत्रले सामाजिक सुरक्षा कार्यक्रममा सरकारले विभेद गरेको भन्दै समता निरुपण नभएसम्म कार्यक्रममा सहभागिता नजनाउने भने पनि यो सरकारसँग भन्दा पनि रोजगारदातासँग जोडिएको प्रश्न भएको जानकारहरू बताउँछन् । सरकारी कर्मचारीको हकमा सरकार रोजगारदाता हो भने अन्य कर्मचारीको हकमा निजी प्रतिष्ठानहरू रोजगारदाता हुन् । रोजगारदातासँग भएको स्रोतका आधारमा केही सुविधा थपघट हुने गर्छन् । सरकारसँग तुलनात्मक रूपमा स्रोत बढी हुने भएकाले सरकारी कर्मचारीले बढी सुविधा पाउने देखिएको हो । कार्यकारी निर्देशक ज्ञवाली भन्छन्, 'सुविधाकै कुरा गर्ने हो भने त हिजोका दिनमा विभेद उच्च थियो । सरकारी कर्मचारीका लागि पेन्सन उपलब्ध हुँदा निजी क्षेत्रका श्रमिक रित्तो गोजीमा कष्टकरपूर्ण बुढ्यौली बहन गर्थे । अझ निजी क्षेत्रभित्र त झन् विभेद छ । सम्पूर्ण विभेद अन्त्य गर्ने भनेर नै त यो योजना सुरु गरेको हो ।'

आज हाम्रो श्रमबजारको समस्या छताछुल्ल भएको छ र प्रकोपको पहिलो तारोमा आर्थिक रूपले विपन्न ग्रामीण जनता र दोस्रो निशानामा स्वरोजगारमा आबद्ध बजार केन्द्रित श्रमिकहरू परेका छन । किनभने उनीहरू जीवनयापनका लागि प्रकृति अर्थात् खेतीपातीमा र दैनिक ज्यालामा निर्भर छन् । संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरेर प्रायः सम्पूर्ण उद्योगहरू बन्द गरिँदा बेरोजगारीको दरमा तीव्र वृद्धि भएको छ । यस्तो प्रतिकूल अवस्थामा श्रमिकहरूले बाँच्न मात्रै पनि संघर्ष गरिरहनुपरेको छ र यसले सामाजिक सुरक्षा कार्यक्रमका लागि ठूलो दबाब सिर्जना गरेको छ । उदाहरणका लागि क्यालिफोर्निया मात्र २७ लाख क्यालिफोर्नियाली नागरिकले बेरोजगार बिमाको लागि आवेदन दिएका छन् । संघीय सरकारको महामारी बेरोजगारी सहायता कार्यक्रमबाट थप सहायता माग गरिएको छ । क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमका अनुसार हरेक हप्ता १० लाख बेरोजगार बिमासम्बन्धी दाबी प्रक्रिया अगाडि बढाउने गरिएको छ ।

नेपालमा पनि नयाँ युगको सुरुवात भन्ने भावनासहित सञ्चालनमा आएको सामाजिक सुरक्षा कार्यक्रमले अबको दिनमा कुन मोड लिन्छ भन्ने चासो बढ्न थालिएको छ । नेपालका लागि सामाजिक सुरक्षा कार्यक्रम नयाँ अवधारणा होइन । हिजोसम्म सरकारले श्रमजारमा सरकारी कर्मचारीको जिम्मा मात्र लिने गर्थ्यो र सरकारले नै तलबसहित उपदान र पेन्सनको व्यवस्था गर्ने गर्थ्यो । तर, सोही बजारमा समान समयमा एउटै प्रयत्नसहित निजी क्षेत्रमा काम गर्ने श्रमिकले भने काम गरेमा मात्र ज्याला पाउने र काम छोडिसकेपछि रित्तो हात घर फर्कने अवस्था छ । आर्थिक संरक्षणका हिसाबले सरकारले सरकारी कर्मचारीको मात्र जिम्मा लिने, बाँकी जनताको आर्थिक अधिकार संरक्षण नगर्ने चलनको अन्त्य गर्न गरिएको प्रयत्न मात्र हालको सामाजिक सुरक्षा योजनामा नयाँ कुरा हो ।

नेपालमा यो अभ्यास नयाँ भएकाले यसका सम्पूर्ण कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन् । हालसम्म कोषमा ८८ करोड योगदान रकम संकलन भएको छ । यो रकममा हुने वृद्धिसँगै सम्पूर्ण स्किम कार्यान्वयन आउँदै जानेछन् । श्रम बजारलाई स्थिर बनाउन, श्रमिकको आर्थिक हक संरक्षण गर्न र व्याप्त श्रम शोषण अन्त्य गर्न सम्पूर्ण श्रम बजार सामाजिक सुरक्षा योजनामा सहभागी हुनुको अर्को सहज र उत्तम विकल्प छैन । विभिन्न स्किमहरूलाई उत्कृष्ट बनाउन प्रकान्तरमा सामाजिक सुरक्षा योजनामा निखारता ल्याउँदै जाने विषय बहसको पाटो हो । रणहारपछि बेवारिसे भएका सैनिकझैं बाटो छेउछाउ सुतेका मजदुरहरूको अवस्था देख्दा शासकीय क्षमतामाथि गम्भीर प्रश्न उठेको छ । यदि यस्ता मजदुरहरूको आर्थिक हित संरक्षणमा ध्यान नदिने हो भने त यिनै मजदुरहरूले विद्रोहको बिज रोप्ने सम्भावनालाई नजर अन्दाज गर्न मिल्दैन ।




# आमा किन रूनुभयो ?

❖संगीता उरावँ

तराईमा खेती हराभरा हुन कि मेघ गर्जी पानी बर्सिनुपर्छ, कि त नहरमा एकनासले पानी दक्षिणतिर बग्नुपर्छ । नभए त्यही खेत हामीलाई कबड्डी कबड्डी, बम पलास्ट, सीमा कबड्डी, कोला कबड्डी, छुर्र खेल्ने ठाउँ हुन्थ्यो । स-साना घाँस उम्रन्थे । गाई, बाख्राहरू आफ्ना पेट भर्न नाकको प्वालबाट हावा निकाली धर्तीको धूलो फुर्र् फुर्र उडाई स-साना घाँस कुटुरकुटुर खान्थे ।

जनावर त बाँच्नका लागि यति मिहिनेत गर्छन् भने मान्छेहरू किन गर्दैनन् ? समुदायअनुसार, आर्थिक स्थितिअनुसार, संस्कृतिअनुसार मान्छेका खाने कुरा जोहो गर्ने तरिका फरक होलान् । हाम्रो उरावँ समुदायको पनि खानेकुरा जोहो गर्ने आफ्नै तरिका छ । नेपालका पूर्वी जिल्लामा केही हजार उरावँ छन् भन्ने कतै पढेकी हुँ मैले । मेरो घर सुनसरीको झुम्का भन्ने ठाउँबाट करिब २५ किलोमिटर भित्र गाउँमा पर्छ । कोसीबाट निकालिएको चकरघट्टी नहर झुम्का हुँदै मेरो गाउँ छिटाहासम्म पुग्छ र अझै भित्रसम्म जान्छ । त्यही नहरमा पौडी खेल्दै र माछा मार्दै हुर्कियौं हामी । प्रायः हाम्रा समुदायका मानिस जन (मेलापात) गएर खानेकुरा जुटाउँछन् । तरकारीका लागि टेंग्रा खोला गयो भने अलि बन्दोबस्त गर्न सकिन्छ वा झाँक बनाएर लहरावाला तरकारी लाए पनि भैहाल्छ । जल्ली जुगठी (माछा मार्ने जाल) लिएर टेंग्रा खोलासम्म पुग्नुपर्थेयो ।

हामी केटीहरू कम्मरमा छैटी (ढाकी) लिएर जता गाईका बथान छन् त्यतै जान्थ्यौं । गाई, गोरु वा भैंसीले पुच्छर उठाउनासाथ छैटी लिएर कुद्थ्यौं । लालका (रातो), पढरु (सेतो), करिया (कालो), चिट्कबरा (चिटेपाटे), सबै गाईमा आँखा चनाखो हुन्थ्यो । किनकि छैटी भर्नुपर्थ्यो, गुइँठा बनाउन । गुइँठा नबनाए केमा पकाएर खानु ? हाम्रो समुदायमा दाउरा भनेकै गोबरको गुइँठा हो अझै । दसैंपछि गुइँठा बनाउन सुरु हुन्थ्यो । जोसँग सन्ठी छ, उनीहरू सन्ठीजस्तै लामो गुइँठा बनाउँछन् । सन्ठी नहुनेहरू खाल्डो खनेर गोबर जम्मा गर्छन् र तिहारपछि निकालेर गुइँठाको पाठ बनाउँछन् । मलाई लाग्थ्यो, केही कुरा तातो भएपछि मात्र बाफ आउँछ । जस्तै- बिहान कलको पानीसँग तातो बाफ आउँछ । भकभक भात उम्लिँदा आउँछ बाफ । एक चिसो बिहान खाल्डोमा जम्मा पारेको गोबर कोदालोले खन्दै छैटीमा राख्दै हुनुहुन्थ्यो आमा । गोबर खन्दा बाफ उडिरहेको थियो । मैले भनें, 'आमा म पनि एउटा सानो गुइँठाको पाठ उठाउँछु ल ? त्यसलाई मजस्तै अग्लो बनाउँछु अनि सुकेपछि म मात्रै बाल्छु त्यो गुइँठालाई ।'

आमा मुसुक्क हाँस्नुभो । अनि भन्नुभो, 'ल ल अब नसिके कहिले सिक्छौ गुइँठा बनाउन !' म खुसीले फुरुङ्ग भएँ र गोबरबाट आइरहेकोबाफलाई हातले पन्छाउँदै खाल्डोबाट गोबर निकाल्न खोजेँ । जब हातले गोबर बटुल्न खोजेँ, तब करेन्ट लागेजस्तै भयो । खाल्डोमा भएको गोबरबाट कसरी बाफ आउँछ ? हरेक दिन आगो बाल्न चाहिने दाउरा हाम्रो घर र पूरै गाउँको ठूलो समस्या थियो । जंगलमा कतै पनि दाउरा देखिँदैनथ्यो । बरु धेरै परको पहाड प्रस्टैसँग देखिन्थ्यो । गहुँ काटेर तल फेद छोडेको हुन्थ्यो । त्यही फेद बटुलेर बारीतिर ठूलो टाली बनाइन्थ्यो, खाना पकाउन वा आगो बाल्न । थोरैथोरै गुइँठामा मिसाइन्थ्यो । धान मुरछोप्पा काटेर तल छोडेको भागलाई जरादेखि उखालेर थुप्रो बनाउँथ्यौं । बाँसको घारीमा पसेर टपरी र सुकेको करची (हाँगा) बाँस-मालिकको आँखा छल्दै ल्याउँथ्यौं । जाडो छेक्न र शरीरलाई न्यानोपार्न हजुरआमा चौकी (खाट) लाई पिण्डा (पिढी) को छेउमा ठाडो पारी राख्नुहुन्थ्यो । तल ओसरामा २ बोझ पराल ओछ्याएर गद्दी बनाएर पिटरी (गुन्द्री) ओछ्याउनुहुन्थ्यो बुबा । त्यसमाथि गुदडी (च्यातिएको पुरानो कपडाले बनाएको ओढ्ने) पनि राख्नुहुन्थ्यो । चिसोलाई अँगालेर सुतेको म केही छिनमै न्यानो हुन्थेँ । चिसो सहन नसकेर होला कैलो कुकुर खुट्टातिर आएर बस्थ्यो ।



**जनावर त बाँच्नका लागि यति मिहिनेत गर्छन् भने मान्छेहरू किन गर्दैनन् ? समुदायअनुसार, आर्थिक स्थितिअनुसार, संस्कृतिअनुसार मान्छेका खाने कुरा जोहो गर्ने तरिका फरक होलान् । हाम्रो उरावँ समुदायको पनि खानेकुरा जोहो गर्ने आफ्नै तरिका छ ।**

एक दिन भुँडे आड्डो (गोरु) ले पुच्छर उठायो गोब्र्याउनलाई । म कुदेर जाँदै थिएँ, गोबर थाप्न । तर, गोरुले मलाई लखेट्न थाल्यो । म छैटी लिएर टाप कसेँ । थाहै पाइनँ कति बेला छैटी गाईगोरुको बथानमै छुटेछ । भाग्दाभाग्दै गहुँको खेतमा पुगें । माटोका डल्लाले गोरुलाई भकाभक हान्न थालेँ । अनि मात्रै केही बेरमा फर्केर बथानतिर लाग्यो । म थकित भएर आलीमा बसें । मन भारी भएर आयो । गोबर बोक्ने मेरो छैटी भाँच्चिसकेको थियो । मसँगै आएका साथीहरू पर-परको बथानतिर पुगिसकेका थिए । गाईमाल सबै बाध (चौर) मै थिए । हामी घरतिर लाग्यौं । घरमा आमा हुनुहुन्थेन । मैले आँगन बढारें । भाँडा सफा गरेँ तर आमाले जस्तो टल्काउन सकिनँ । साँझ आमा हटियाबाट फर्कंदा ठूलो माटोको भन्डा (घैला), एउटा झोलामा खुदी (चामलको कनिका) र तरकारी लिएर आउनुभो ।

आमाले सोध्नुभो, 'आज कति छैटी गोबर जम्मा गर्‍यौ ?' मलाई डर लाग्यो, गाली खाने भएँ भनेर । अनि हतारहतार गोरुले लखेटेको कुरा सुनाएँ । मैले काम गरेको देखाउन भनेँ, 'आमा मैले माझिसकेँ सबै भाँडाहरू ।' आमाले हेर्नुभयो र खरानी ल्याउन भन्नुभयो । सबै भाँडा झिकेर खरानीले माझ्नुभयो । पखाल्दा थाल, लोटा, कन्ती, डाडु, पन्यु, गिलास सबै कति मजाले टल्कियो ! अनि पो थाहा पाएँ, भाँडा परालले मात्रै रगडेर हुँदैन । त्यसमा खरानी राखेर माझ्यो भने टल्किन्छ । यसरी नै मैले उमेरसँगै काम सिक्दै गएँ । बिहान जहिले पनि हजुरआमाको मिठो स्वर सुन्न पाइन्थ्यो, हजुरआमाले बनाएको न्यानो ओछ्यानमा । हजुरआमा मेरै नाम जोडेर गीत गाउनुहुन्थ्यो । मेरो आँखा चिम्म हुन्थ्यो तर कान जागिसकेको हुन्थ्यो । निदाएजस्तो गरेर म धेरै कुरा सुन्थेँ । ओछ्यानमा भएकी हजुरआमाको गीतलाई साथ दिएझैं लाग्थ्यो, जब आमाले घरआँगन झाडुले बढारेको आवाज आउँथ्यो । आमाले भाँडाकुँडा माझ्दा पनि एक किसिमको सुनिरहूँ लाग्ने मिठो आवाज आउँथ्यो ।

एक दिन आमा घरमा हुनुहुन्थेन । खोज्न थालेँ । आमाले नहरको डिलमा गुइँठा बनाइरहेको देखेँ । उहाँले गुइँठा बनाइरहेको गोबर हाम्रो थिएन । मैले अच्चम मान्दै सोधेँ, 'किन तपाईंले गोवारास (यादव) को गोबर बनाउनुभएको ?' 'गोबर लिन,' यत्ति थियो आमाको जवाफ । एक छिनपछि भन्नुभयो, 'उनीहरूका लागि ४, ५ दिन गुइँठा बनाइदिएँ भने एक दिनको गोबर हामीलाई दिन्छन् । अनि तिमीलाई थाहा छ, एक दिनमा कति छैटी गोबर हुन्छ ? भरीभरी दुई छैटी । हाम्रो गोइठाको पाठ पनि तिमीजस्तै छिट्टै ठूलो होस् भनेर यिनीहरूको गोबरलाई गुइँठा बनाएको । अनि भदौ महिना दाउराको दुस्ख नहोस् भनेर... ।' आमाले बनाउनुभएको गोबरको गुइँठा धेरै परसम्म फिँजाएको देखेँ । आमाको खाली खुट्टा फाटेको थियो । चिसोले टम्म भरिएको थियो नाक । आमाको धोत्रो स्वर सुनेँ, 'तिमी किन यहाँ आयौ यस्तो चिसोमा ?' यस्तो भयानक दुस्खमा पनि आमाको स्वर न्यानो लाग्यो मलाई । आमाको छेउमै बसेँ । कुरा सुनिरहेँ । घर जानै मन लागेन । सबै गोबर सकाएर आमासँगै घर फर्किएँ ।

हातखुट्टा धोएर आमाले खाना पकाउन थाल्नुभयो । म चुलोनजिकै बसेर आमालाई एकहोरो हेरिरहेकी रहेछु । आमाले झक्झक्याउँदा मात्रै तर्सिएँ । मैले भनेँ, 'आमा मलाई हाटबाट नयाँ र ठूलो छैटी ल्याइदिनु है, म वर्षभरिपुग्ने गोबर खोज्छु । र, मभन्दा अग्लो गुइँठाको पाठ बनाउँछु ।' मैले त्यसो भनिसक्दा आमा रुनुभयो । उहाँ त्यतिखेर किन रुनुभयो, मैले बुझिनँ । अहिले अभावका ती बाल्यकालीन दिन सम्झँदा मेरो सिरानी निथ्रुक्क भिज्ने गर्छ । *(लेखक रंगकर्मी हुन् ।)*

